"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

सूचना नः२०७९।८०-२१ मितिः २०७९।०९।०२

**चमेना गृह(क्यान्टिन) सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी ७ (सात) दिने सूचना !**

उपर्युक्त विषयमा यस सिरीजङ्घा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तेल्लोक ताप्लेजुङ्को परिसरमा गाउँ कार्यापालिकाको कार्यालयले चमेना गृह(क्यान्टिन) सञ्चालन गर्ने सम्बन्धमा भएको निर्णय अनुसार होटल व्यवसायी, व्यक्तिगत फर्म वा सरोकारवाला नागरिकले तपशीलमा उल्लेखित शर्तका अधिनमा रहि यस सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र खामबन्दी गरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशीलः**

१. गाउँ कार्यपालिकाको कार्यालय परिसरमा रहेको चमेना गृहको भवनको न्युनतम कबोल भाडा रू ६,०००।-(अक्षरेपी रु छ हजार मात्र) रहनेछ। व्यवसायीले प्रस्ताव पेश गर्दा भाडा बढाबढबाट पेश गर्नुपर्नेछ ।

२. व्यवसायीले प्रस्ताव पेश गर्दा न्युनतम एक जना तालिमप्राप्त कुक राखी सेवा दिने शर्तमा मञ्जुर हुनुपर्नेछ, अन्यथा प्रस्ताव अस्वीकृत हुनेछ।

३. व्यवसायी प्यान(स्थायी लेखा नम्बर ) दर्ता भएको हुनुपर्नेछ। मुल्य अभिवृद्धि कर(भ्याट)मा दर्ता भएका व्यवसायीलाई उच्च प्राथमिकता दिइनेछ।

४. व्यवसायीले प्रस्ताव पेश गर्दा अधिकतम खपत हुने खाद्य सामाग्री (जस्तै शाकाहारी खाना, मांशाहारी खाना, विभिन्न प्रकारका खाजा नास्ता, चिया) जस्ता सामाग्री उपलब्ध गराउने **अधिकतम** मुल्य समेत उक्त प्रस्तावमा उल्लेख गरेको हुनुपर्नेछ। यसरी उपलब्ध गराएको मुल्यमध्ये सारभूत रूपमा प्रभावग्राही हुने प्रस्तावलाई स्वीकृत गरिनेछ । अधिकतम खपत हुने खाद्य सामाग्रीहरूको सूचि गाउँ कार्यापालिकाको कार्यालयको योजना शाखामा सम्पर्क गरि लिन सकिनेछ।

५. प्रस्ताव दर्ताको राजश्व रू १०००(एक हजार मात्र) नेपाल बैंक सिरीजङ्घा शाखाको गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

६. प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु(१ प्रति)
   - क) व्यवसाय दर्ताको प्रमाणपत्रको नक्कल
   - ख) स्थायी लेखा नम्बरको प्रमाणपत्रको नक्कल, भ्याटमा दर्ता भएकाले भ्याट दर्ताको नक्कल
   - ग) व्यवसायीको नागरिकता प्रमाणपत्रको नक्कल
   - घ) करचुक्ता गरेको प्रमाणपत्रको नक्कल
   - ङ) राजश्व बुझाएको सक्कल भौचर
   - च) खामबन्दी प्रस्ताव सक्कल र मुल्य सूचि सक्कल

७. यस सूचनाका सम्बन्धमा कुनै जानकारी लिनुपरेमा गाउँ कार्यापालिकाको योजना शाखा वा सुचना अधिकारीको सम्पर्क नं ९८६२००६२३७ मा सम्पर्क गर्न सकिनेछ।

२०७९।०९।०२

स्काइ पोख्रेल
प्रमुख प्रशासकीय अधिकृत